जि.प्रशा.का.दर्ता नं. १०१/०८०/८१

“निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज”

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily




वर्ष : ३ | अंक : २११ | २०८२ साल फागुन १३ गते, बुधबार | Wednesday, Feb.– 25 2026 | मूल्य रु. ५/- | पृष्ठ : ४

## झारा टार्ने अनुगमनका कारण बारामा सयौं नियम विपरीत ईट्टा भट्टा सञ्चालनमा, राजश्व दोहन र मानव जीवन जोखिममा

***संवाहक सम्वादाता**-१२फागुन, कलैया*

बारामा करिब छ सयको हाराहारीमा ईट्टा भट्टा (चिम्नी) सञ्चालनमा रहेको विवरण सार्वजनिक भएको छ। तीमध्ये ठूलो संख्यामा उद्योग अनुमति नवीकरण नगरी तथा वातावरणीय मापदण्ड पालना नगरी सञ्चालन भइरहेको जानकारी प्राप्त भएको छ। कमजोर अनुगमनका कारण राज्यको राजश्व दोहन हुनुका साथै स्थानीय बासिन्दाको स्वास्थ्य र जनजीवन जोखिममा परेको सरोकारवालाहरूको भनाइ छ। प्राप्त विवरणअनुसार महागढीमाई नगरपालिका-८ मा रहेको न्यु चौरसिया ईट्टा उद्योग, सुवर्ण गाउँपालिका-६ स्थित फरेभर ईट्टा उद्योग, कलैया उपमहानगरपालिका-६ सिसहनिया क्षेत्रमा सञ्चालित ब्रिक फिलपड ईट्टा उद्योग तथा फेटा गाउँपालिका-७ मा रहेको रव्बानी ईट्टा उद्योग



दर्ता रहे पनि अनुमति नवीकरणबिना सञ्चालन भइरहेको उल्लेख गरिएको छ। यस्तै प्रकृतिका सयौं ईट्टा उद्योग जिल्लाभर सञ्चालनमा रहेको स्रोतको दाबी छ।

ईट्टा भट्टाबाट निस्कने धुवाँ, धुलो कण तथा कोइलाको प्रदूषणका कारण आसपासका बस्तीमा वायु गुणस्तर बिग्रँदै गएको स्थानीय बासिन्दाको गुनासो छ। यसले बालबालिका, ज्येष्ठ नागरिक तथा श्रमिक वर्गमा दम, एलर्जी, दीर्घ खोकी र फोक्सोसम्बन्धी रोगको जोखिम बढाएको बताइएको छ। प्रदूषणका कारण वालीनाली उत्पादनमा समेत असर परेको कृषकहरू बताउँछन्। यसैबीच कतिपय उद्योगले वास्तविक बिक्री

बाँकी तेस्रो पृष्ठमा

## सरकारको नयाँ पहल: युवा नेतृत्व समेट्ने “जेनजी परिषद्” गठन हुँदै

***काठमाडौं, १२ फाल्गुन २०८२ -***

सरकारले युवा पुस्ताको सक्रिय सहभागिता र नेतृत्वलाई सम्बोधन गर्न ‘जेनजी परिषद्’ गठन गर्ने निर्णय गरेको छ। यस सम्बन्धमा निर्णय, सिंहदरबारमा मंगलबार बसेको मन्त्रिपरिषद् बैठकमा पारित भएको जानकारी सरकारका प्रवक्ता एवं गृहमन्त्री ओमप्रकाश अर्यालले दिएका छन्।



बैठकमा प्रतिनिधिसभा निर्वाचनका लागि चीन सरकारबाट प्राप्त हुने करिब ४ मिलियन अमेरिकी डलर बराबरको नगद अनुदान स्वीकृत गर्ने प्रस्ताव पनि पारित भएको छ। सरकारका अधिकारीहरूले यो आर्थिक सहयोगले चुनावी व्यवस्थापनलाई थप सुदृढ बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन्।

त्यस्तै, राष्ट्रिय गौरवको आयोजना बुढीगण्डकी जलाशययुक्त जलविद्युत् परियोजनाको वित्तीय ढाँचा पनि मन्त्रिपरिषद् बैठकले अनुमोदन गरेको छ। चालु आर्थिक वर्षको बजेटअनुसार परियोजना अघि बढाउन यस निर्णयलाई महत्वपूर्ण कदमको रूपमा हेरिएको छ।

न्यायिक क्षेत्रसमेत सुदृढ बनाउन काठमाडौं जिल्ला अदालतका न्यायाधीश डा। दिवाकर भट्टलाई उपभोक्ता अदालत काठमाडौंको अध्यक्ष नियुक्त गरिएको छ। यसअन्तर्गत बीमा ऐन २०७९ अन्तर्गतका मुद्दाहरूको कारबाही अब सम्बन्धित जिल्ला अदालतहरूले गर्नेछन्।

साथै, सरकारले २०८३ विक्रम संवत् वर्षका लागि सार्वजनिक बिदाहरूको सूची पनि पूर्वनिर्धारित गरेको छ। वैशाख १ देखि चैत मसान्तसम्मको बिदा तालिका सार्वजनिक गरेर प्रशासनिक कार्यतालिकालाई व्यवस्थित बनाउन खोजिएको छ।

युवा नेतृत्व समेट्ने परिषद् गठनदेखि ठूला पूर्वाधार परियोजनासम्मका यी निर्णयहरूले मुलुकको राजनीतिक र आर्थिक दिशा आगामी दिनमा स्पष्ट बनाउने अपेक्षा गरिएको छ।

## रौतहट-४ मा राजकुमार दासको घरदैलो अभियान तीव्र, विभिन्न समुदायको उत्साहजनक समर्थन

***संवाहक सम्वादाता**-१२फागुन, कलैया*

रौतहट निर्वाचन क्षेत्र नं. ४ मा जनता समाजवादी पार्टी (जसपा) नेपालका प्रतिनिधिसभा उम्मेदवार राजकुमार दासको घरदैलो अभियान तीव्र गतिमा अघि बढिरहेको छ। लक्ष्मीपुर, पल्टुवा, सुन्दरपुर, बलुवा मदनपुर तथा हरैया लगायतका क्षेत्रमा सञ्चालन गरिएको घरदैलो कार्यक्रममा जनताको उल्लेखनीय सहभागिता देखिएको छ।



लक्ष्मीपुरमा वडा अध्यक्ष मोहम्मद एकरामुल मियाँले उम्मेदवार दासलाई भव्य स्वागत गरेका थिए। अभियानका क्रममा दासले प्रत्येक घरको ढोकामा पुगेर आमाबुवा, दाजुभाइ-दिदीबहिनी तथा युवा वर्गसँग आत्मीय भेटघाट गर्दै मतदाताका सुझाव, अपेक्षा र समस्या सुनेका छन्।

उम्मेदवार दासले यो अभियान केवल चुनावी प्रचार नभई विकास र उज्ज्वल भविष्य निर्माणको संकल्प भएको बताएका छन्। जनताको माया, विश्वास र उत्साहले अभियान अझ सशक्त बन्दै गएको उनको भनाइ छ।

घरदैलो कार्यक्रममा दलित तथा मुस्लिम समुदायको उल्लेखनीय सहभागिता रहेको छ। प्रदेशसभा सदस्य अबुल कलाम आजाद (फुल बाबु) सहित स्थानीय नेता तथा

बाँकी तेस्रो पृष्ठमा

## रामकिशोर यादवको घरदैलो अभियान तीव्र, करैयामाई क्षेत्रमा जनसहभागिता उत्साहजनक

***संवाहक सम्वादाता**-१२फागुन, कलैया*

बारा निर्वाचन क्षेत्र नं. २ अन्तर्गत करैयामाई नगरपालिकाको लौतन, सिस्वा तथा उम्मजन क्षेत्रमा प्रतिनिधिसभा सदस्य उम्मेदवार रामकिशोर प्रसाद यादवको नेतृत्वमा सञ्चालन गरिएको घरदैलो कार्यक्रम भव्य रूपमा सम्पन्न भएको छ। कार्यक्रममा स्थानीय जनताको उल्लेखनीय सहभागिता देखिएको थियो।





घरदैलो अभियानका क्रममा उम्मेदवार यादवले स्थानीय बासिन्दासँग प्रत्यक्ष संवाद गर्दै उनीहरूको समस्या, गुनासा र अपेक्षाहरू सुनेका थिए। उनले जनताका आवाज सदनसम्म पुऱ्याई समाधानका लागि सक्रिय रूपमा पहल गर्ने प्रतिबद्धता व्यक्त गरे। कार्यक्रममा सहभागी स्थानीयले उत्साहपूर्वक समर्थन जनाउँदै जनता समाजवादी पार्टी (जसपा) नेपालप्रति विश्वास व्यक्त गरेका छन्।

घरदैलो कार्यक्रममा जसपा नेपालका महासचिव रामकुमार शर्मासहित पार्टीका नेता तथा कार्यकर्ताहरूको सहभागिता रहेको थियो। यसैगरी क्षेत्रीय प्रदेशसभा ‘क’ र ‘ख’ का उम्मेदवार बच्चा प्रसाद यादव र शारदा शंकर प्रसाद कलवार पनि चुनावी मैदानमा सक्रिय रूपमा जुटेका छन्।

करैयामाई गाउँपालिका तथा देवताल गाउँपालिकाका अध्यक्षहरू समेत चुनाव चिन्ह ‘छाता’मा मतदान गर्न मतदातालाई आग्रह गर्दै अभियानमा सहभागी भएका छन्। स्थानीय तहका नेतृत्वसमेत सक्रिय भएपछि चुनावी माहोल थप उत्साहित बनेको कार्यकर्ताहरूले बताएका छन्।

पचरौता नगरपालिकामा पूर्वमेयर रमेश यादव तथा सुवर्ण गाउँपालिकामा पूर्व गाउँपालिका अध्यक्ष महेन्द्र प्रसाद यादवले अघिल्लो निर्वाचनको झिनो मतान्तरलाई यसपटक दोब्बर अग्रतामा परिणत गर्ने दाबी गरेका

बाँकी तेस्रो पृष्ठमा

## पर्सामा १६५ मतदानस्थलको निरीक्षण सम्पन्न, ६२ अतिसंवेदनशीलमा वर्गीकृत

***संवाहक सम्वादाता**-१२फागुन, कलैया*

पर्सा जिल्लामा आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको छ। जिल्ला सुरक्षा समितिले जिल्लाका १६५ मतदानस्थलको अनुगमन र निरीक्षण सम्पन्न गरेको छ। बाँकी दुई मतदानस्थलको निरीक्षण पनि चाँडै सम्पन्न हुने प्रजिअ भोला दाहालले जानकारी दिए।




जिल्लाका चारवटा सुरक्षा निकाय र जिल्ला निर्वाचन कार्यालयले संयुक्त रूपमा मतदानस्थल निरीक्षण गरे। प्रजिअ दाहालका अनुसार, निरीक्षणका क्रममा आवश्यक शान्ति र सुरक्षा रणनीति तयार गरिएको छ। “हामीले अहिलेसम्म १६५ मतदानस्थलको अनुगमन गरिसक्यौं, बाँकी दुईको पनि छिट्टै

बाँकी तेस्रो पृष्ठमा

## दलित समुदायको उत्थानका लागि शक्तिशाली प्राधिकरण बनाइने : प्रचण्ड

***काठमाडौं, फागुन १२ ।***

नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’ले दलित समुदायको समग्र विकासका लागि शक्तिशाली दलित विकास प्राधिकरण गठन गर्ने घोषणा गरेका छन्।



पार्टी मुख्यालय पेरिसडाँडामा मंगलबार आयोजित कार्यक्रममा बोल्दै उनले नेकपाको प्रतिबद्धतापत्रमा दलित विकास प्राधिकरण गठनलाई उच्च प्राथमिकतामा राखिएको बताए। उक्त प्राधिकरणले दलित समुदायको सामाजिक, आर्थिक तथा शैक्षिक उत्थानका कार्यक्रमलाई एकीकृत रूपमा अघि बढाउने उनले स्पष्ट पारे। दाहालले राज्यका सबै तहमा दलित समुदायलाई विशेष अधिकार सुनिश्चित गर्न आफ्नो पार्टी निरन्तर संघर्षरत रहेको उल्लेख गरे।

संविधानमार्फत दलितका अधिकार सुनिश्चित गरिए पनि अझ प्रभावकारी कार्यान्वयन आवश्यक रहेको उनको भनाइ थियो। उनले आफ्नो नेतृत्वको अघिल्लो सरकारले प्राधिकरण गठन गर्ने निर्णयसहित बजेटसमेत विनियोजन गरेको तर त्यसपछिको सरकारले प्रक्रिया अघि नबढाएको आरोप लगाए।

नेकपा गठनसँगै वामपन्थी तथा क्रान्तिकारी शक्तिहरूबीच ध्रुवीकरण सुरु भएको दाबी गर्दै उनले निकट भविष्यमा सम्पूर्ण वाम शक्तिहरू एकताबद्ध हुने विश्वास व्यक्त गरे। प्रचण्डले दलित समुदायको सशक्तीकरणलाई सामाजिक न्याय र समावेशी विकासको आधारका रूपमा अघि बढाइने पनि बताएका छन्।

“सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !”
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/ श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

# सम्पादकीय .......

## निधि आवास योजना अलपत्र : गरीबको आशामाथि प्रशासनिक लापरवाही

गरीब, दलित तथा आवासविहीन परिवारलाई सुरक्षित छाना उपलब्ध गराउने उद्देश्यले सञ्चालन गरिएको महेन्द्रनारायण निधि आवास कार्यक्रम बारा जिल्लाको महागढीमाई नगरपालिका-९ पिप्राविर्तामा पुग्दा विडम्बनापूर्ण रूपमा पीडाको कारण बनेको छ। राज्यले सामाजिक न्याय र आधारभूत आवासको अधिकार सुनिश्चित गर्न ल्याएको योजना नै अलपत्र पर्दा २१ परिवार खुल्ला आकाशमुनि बस्न बाध्य हुनु केवल प्रशासनिक कमजोरी मात्र होइन, राज्यको जिम्मेवारीप्रतिको गम्भीर असफलता पनि हो। घर निर्माणका लागि बजेट खर्च भइसकेको भनिए पनि संरचना अधुरै रहनु, गुणस्तरहीन सामग्री प्रयोग हुनु तथा बस्नै नसकिने अवस्थामा घर छाडिनु योजनाको कार्यान्वयन प्रक्रियामाथि गम्भीर प्रश्न उठाउने विषय हुन्। अझ कामको प्रगति नै नभई ठूलो रकम एकैपटक निकासा गरिएको आरोप सार्वजनिक हुनु भ्रष्टाचार र मिलेमतोको आशंकालाई थप बलियो बनाउँछ। यदि स्थानीयको दाबी सत्य हो भने यो केवल आर्थिक अनियमितता होइन, विपन्न नागरिकको अधिकारमाथिको प्रत्यक्ष अन्याय हो। राज्यका विभिन्न निकायले समयमै प्रभावकारी अनुगमन गर्न नसक्नु अर्को चिन्ताजनक पक्ष हो। खाताहरू रोक्का गरिए पनि पछि फुकुवा भई रकम झिकिएको तथ्य बाहिरिनुले प्रशासनिक नियन्त्रण प्रणाली कमजोर रहेको संकेत गर्छ। योजना सञ्चालन गर्ने निकाय, मन्त्रालय र सम्बन्धित अधिकारीबीच उत्तरदायित्वको अभाव देखिनु नै यस्ता समस्याको मूल कारण हो। आवासजस्तो संवेदनशील योजनामा अनियमितता हुनु भनेको गरीब नागरिकको भविष्यसँग खेलवाड गर्नु हो। पुरानो घर भत्काएर नयाँ घरको आशा गरेका परिवार अहिले झन् संकटमा परेका छन्। यसले विकास योजनाप्रति जनविश्वास घटाउने मात्र होइन, राज्यप्रतिको भरोसा नै कमजोर बनाउने खतरा पैदा गरेको छ। अब आवश्यक कुरा आरोप-प्रत्यारोप होइन, निष्पक्ष छानबिन र कडा कारबाही हो। सम्बन्धित निकायले तत्काल तथ्यगत अनुसन्धान गरी दोषी जोसुकै भए पनि कानुनी दायरामा ल्याउनुपर्छ। साथै अधुरा घरहरू शीघ्र निर्माण सम्पन्न गरी पीडित परिवारलाई सुरक्षित आवास उपलब्ध गराउनु राज्यको पहिलो दायित्व हुनुपर्छ। विकास योजना कागजमा सफल र व्यवहारमा असफल हुने प्रवृत्ति अन्त्य नगरेसम्म सामाजिक न्यायको नारा केवल भाषणमै सीमित रहनेछ। निधि आवास योजना प्रकरणले राज्य संयन्त्रलाई एउटा स्पष्ट सन्देश दिएको छ–विकासको वास्तविक मापन भवनको संख्या होइन, नागरिकको जीवनमा आएको परिवर्तन हो।

# निर्वाचनमा शिष्टताको खोजी



वित्तीय संस्था नाफामुखी मात्र नभएर अर्थतन्त्रको दरिलो खम्बा भएर उभिनका लागि आर्थिक उपार्जनका क्षेत्र पहिचान गरी विश्लेषण, कार्यान्वयन, अनुगमन र नियन्त्रण गर्दै अगाडि जानुपर्ने आजको आवश्यकता हो ।

दुर्गाकुमारी कडेल

बैङ्क तथा वित्तीय संस्थाबाट व्यक्ति तथा सङ्घ संस्थाले आफूलाई आवश्यक पर्ने वित्तीय स्रोतको व्यवस्थापन गर्छन् । जसलाई कर्जाको नामकरण गरिन्छ । ऋणीहरूले सम्पर्क, स्थान, सहजता, आवश्यकता, सेवा सुविधालगायतका विषयका आधारमा विभिन्न वित्तीय संस्थाबाट कर्जाको प्रयोग गर्छन् । कतिपय वित्तीय ज्ञानको अभावमा पनि महँगो ब्याजदरमा कर्जा लिने र पर्याप्त जानकारी भएपश्चात् सस्तो सेवा सुविधा भएका स्थानबाट उक्त सुविधालाई स्थानान्तरण गर्ने गरेको पाइन्छ । स्वाप एउटा वित्तीय संस्थामा रहेको कर्जालाई अर्को वित्तीय संस्थामा सार्ने तथा स्थानान्तरण गर्ने कामलाई लोन स्वाप भन्ने गरिन्छ। यसरी एउटा वित्तीय संस्थाबाट अर्को वित्तीय संस्थामा कर्जा सार्ने प्रचलन पुरानै भए पनि पछिल्लो समय यसको प्रचलन बढ्दै गएको छ। वित्तीय संस्थामा निक्षेप बढ्दै जानु र कर्जाको माग कम हुनुले तरलता विस्तार भइरहेको छ । बढ्दो तरलताले वित्तीय संस्थाको कोषको लागत बढेको र कर्जा लगानी कम भएकाले नाफामा कमी आउनु स्वाभाविक भयो । यस्तो वातावरणमा वित्तीय संस्थामा रहेका ऋणीलाई जहाँ सुविधा पाइन्छ त्यतातिर लाग्ने अवसर प्राप्त हुन्छ । ऋणीहरू असल हुन् वा खराब एक संस्थाबाट अर्को संस्थातिर सार्ने क्रम बढिरहेको छ ।

विगत करिब २० वर्षयताका अवधिमा सबैभन्दा कम ब्याजदर रहेको अहिलेको वर्तमान अवस्था हो । यति कम ब्याजदर भइरहँदा पनि लगानी वृद्धि एकल अङ्कमा सीमित हुन पुग्नु भनेको बजारमा लगानीको अनुकूल वातावरण रहेको छैन भनेर बुझ्न सकिन्छ । लगानीकर्तामा ढुक्कले लगानी गर्ने आत्मविश्वासको कमी छ । लगानीका क्षेत्र पर्याप्त नदेखिनु, बजार अस्थिर रहनुलगायतका पक्ष छन्। भइरहेका लगानीका क्षेत्रबाट पनि राम्रो प्रतिफल प्राप्त नहुनु, अस्थिर राजनीतिक परिस्थितिले कुनै पनि क्षेत्र स्थिर हुन नसक्नु र लगानी बढ्न नसकेको अवस्थामा कर्जा एक स्थानबाट अर्को स्थानमा सार्नुका विभिन्न कारण हुन सक्छन् ।

नियामक निकाय नेपाल राष्ट्र बैङ्कको गाइडलाइन मार्फत बैङ्कको कर्जा स्वाप गर्न विभिन्न सर्त रहनुपर्ने उल्लेख गरेको छ। जहाँ कर्जा स्वाप हुन कर्जा भइरहेको संस्थामा असल वर्गमा रहेको हुनुपर्ने, ‘विलफुल डिफल्टर’ हुनु हुँदैन, कर्जा भइरहेको संस्थाबाट ‘नो अब्जेक्सन’ लिनुपर्ने, एउटै प्रयोजनका लागि दोहोरो कर्जा निषेध, ब्याज अवधि, सर्त आफ्नै राख्नु पाउने ‘इभरग्रिनिङ’ निषेध भनेको छ । नेपाल राष्ट्र बैङ्कको गाइडलाइनमा स्वाप भन्ने शब्द प्रयोग नभएर यसलाई लोन ‘टेकओभर,’ ‘रिफाइनान्सिङ,’ ‘क्रेडिट ट्रान्सफर’ का रूपमा उल्लेख गरिएको छ । नेपाल राष्ट्र बैङ्कको निर्देशनलाई पालना गर्दै कर्जा टेकओभर यस्तो अवस्थामा गर्ने गरिन्छ : ब्याज खर्च घटाउन : कर्जा भइरहेको वित्तीय संस्थामा भन्दा अन्य वित्तीय संस्थामा कर्जाको ब्याजदर कम छ भने ब्याज खर्च घटाउन कर्जा भइरहेको संस्थाबाट ब्याज खर्च घटाउन स्वाप गर्ने गरिन्छ। विशेष गरी कर्पोरेट कर्जामा सानो प्रतिशतले पनि दीर्घकालसम्म ठुलो प्रभाव पार्ने हुँदा ब्याजदरलाई हेरेर कर्जा ट्रान्सफर गर्ने गरिन्छ।

नगद प्रवाहलाई सहज बनाउन : कतिपय वित्तीय संस्थामा रहेको किस्ता, ब्याज तथा अन्य शुल्क कर्जा भइरहेको संस्थामा भन्दा सरल, सहज र सस्तो हुन सक्छ। यस्तो अवस्थामा भुक्तानी गर्नुपर्ने नगद प्रवाहलाई सहज तरिकाबाट परिचालन गर्न सकिने हुँदा पनि लोन टेकओभरका काम हुन सक्छन्।

ऋण अवधि बढाउन : कर्जाको लिमिट तथा ब्यालेन्स रकम छोटो, मध्यम र लामो अवधि गरी छुट्याइएको हुन्छ। एउटै लिमिटमा छोटो अवधिको भुक्तानी रकम बढी हुने र लामो अवधिको भुक्तानी रकम कम हुने हुँदा ऋण अवधि बढाउँदा कर्जा भुक्तानी गर्न सहज हुने हुँदा यस्तो अवधि बढाउन पनि कर्जा स्थानान्तरण गरिन्छ

वित्तीय संस्था परिवर्तन : वित्तीय संस्थाको वर्ग, संरचना, व्यवहार, क्षेत्रलगायतका विषयले पनि वित्तीय सेवामा प्रभाव पारिरहेको हुन्छ । यसर्थ आफूलाई कुनै समयमा ठिक लागेको संस्था समयको अन्तरालमा बेठिक लाग्न पनि सक्छ । यस कारणले पनि कहिलेकाहीँ वित्तीय संस्थामा कर्जा स्थानान्तरण गर्ने गरेको देखिन्छ ।

जोखिम व्यवस्थापन गर्न : वित्तीय संस्था जोखिमको व्यापार गर्ने संस्था हुन् । जोखिम न्यूनीकरण गर्ने हो, हटाउन सकिँदैन यस्तो व्यवस्थापन भन्दै गर्दा जोखिम वित्तीय संस्थालाई मात्रै होइन ती संस्थासँग जोडिने पक्ष निक्षेपकर्ता र कर्जाका ऋणीहरूसँग पनि जोडिएका हुन्छन् । कतिपय अवस्थामा ग्राहकको तर्फबाट जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न लोन स्थानान्तरण गर्ने काम हुन्छ भने कतिपय अवस्थामा वित्तीय संस्थाले नै आफ्नो जोखिम कम गर्न ऋणीलाई अन्यत्र जान सुझाउने गरेको पाइन्छ । अहिले ऋणदाताको तर्फबाट त कहिले ऋणीहरूको तर्फबाट जोखिम व्यवस्थापन गर्ने काम भइरहेको हुन्छ। यस्तो काम भनेको जोखिम व्यवस्थापन नै हो ।

एउटा वित्तीय संस्थामा रहेको कर्जालाई अर्को वित्तीय संस्थामा सार्न तथा स्थानान्तरण गर्न सकिने व्यवस्था नियामक निकायको निर्देशनमा उल्लेख छ । नियामक निकायको निर्देशन पालना गर्नुपर्ने वित्तीय संस्थाको कर्तव्य हुन्छ । नियामकका निर्देशन पालनाले वित्तीय संस्था तथा क्षेत्रमा सुशासनको प्रत्याभूति गराउँछ । वित्तीय प्रणालीभित्रको एउटा पक्ष बैङ्क तथा वित्तीय संस्थामा कर्जा स्थानान्तरणको काम भिन्न अवस्था र भिन्न किसिमबाट सञ्चालन हुने गरेको पाइन्छ । जब जब वित्तीय प्रणालीमा तरलताको अधिकता तथा सङ्कुचन हुन्छ स्थानान्तरणले अझ बढी स्थान पाएको हो कि भन्ने लाग्छ । जब बजारमा तरलताको अभाव हुन्छ वा तरलता बढी हुन्छ तब वित्तीय संस्थाले अर्को संस्थामा रहेका असल ऋणीलाई आफ्नोमा तान्ने गर्छन् विभिन्न निहुँमा ब्याजदर, धितो, सेवा शुल्क, समयावधि, क्षणिक समयका लागि तलमाथि गर्ने र सार्ने काम नौलो होइन । यसै गरी अधिक तरलता भएको अवस्थामा कर्जा बढाउने तथा सिडी रेसियो माथि लाने निहुँमा माथि उल्लिखित सर्तलाई आधार मान्दै आफूतिर तान्ने गरेको देखिन्छ । कतिपय वित्तीय संस्थाले आधार दरभन्दा कम ब्याजदरमा समेत लगानी गर्ने गरेका छन् । कतिले आधार दरमा नै लगानी गरेका छन् भने कतिले आधार दरमा न्यूनतम प्रिमियम दर जोडेर ब्याजदर कायम गरी लगानी गर्ने गरेको देखिन्छ ।

पछिल्लो केही समययता अर्थतन्त्रमा अधिक तरलता रहिरहेको छ । लगानीका अवसरको कमीका कारण लगानी वृद्धि भइरहेको छैन । रेमिट्यान्सको बढ्दो प्रवाहका कारण नयाँ व्यवसायको सम्भावना नदेखिरहेको अवस्था र भइरहेको व्यवसायले पनि निश्चित गति लिन सक्ने अवस्था नभएकाले वित्तीय संस्थामा तरलता बढ्दो छ। २०८२ भदौ २३ र २४ गतेको जेनजी विद्रोहपछि अर्थतन्त्र अझै सुस्ताएको अवस्थासँगै तरल राजनीतिक परिवेशका कारण कर्जा उपभोग गरिरहेका ऋणी समयमा किस्ता, ब्याज तथा शुल्क तिर्न सक्ने अवस्थामा छैनन् । कतिपय ऋणीहरूले हिजोका दिनमा लिएका कर्जा अनुत्पादक क्षेत्रमा लगानी गरेको, व्यापार व्यवसाय सुस्ताएको, युवा विदेश पलायनका कारण नयाँ व्यवसायको सम्भावनाका बाटा देखिन नसकेकाले नियमित गर्न सकिरहेका छैनन् । कतिपय ऋणी विभिन्न किसिमका छुट सुविधा पाउन सकिन्छ कि भन्ने आसमा तिर्न सक्ने क्षमता रहँदारहँदै पनि वित्तीय संस्थाका बक्यौता रहेकाले कर्जा नियमित देखिँदैनन्। नियमित हुन नसकेका, समस्यामा रहेका र वित्तीय तथा व्यावसायिक ज्ञानबिना नै वित्तीय संस्थाबाट कर्जा लिएर कारोबार गर्ने इच्छा भएकालाई विभिन्न स्वार्थमा वित्तीय संस्थाको नेतृत्व लगानी गर्न अगाडि बढ्ने प्रवृत्तिले पछिल्लो समय कर्जा स्वाप गर्ने काम भएको छ। कुनै एउटा वित्तीय संस्थामा समस्यामा रहेको ग्राहकलाई अर्को वित्तीय संस्थामा कर्जा स्थानान्तरण गर्दा कसरी उसलाई सहज हुन्छ, जबकि सेवा र सर्त समान जस्तै रहेका छन् भने त्यसमा विभिन्न थप प्रोडक्ट बनाएर कर्जा थप गरिन्छ । जुन पहिले भइरहेको वित्तीय संस्थाको बक्यौता तिर्नका लागि गरिन्छ भने त्यस्ता ऋणीले कसरी कर्जालाई नियमित गर्न सक्ला एउटा गम्भीर प्रश्न उब्जिएको छ । यति मात्र होइन कर्जामा हरियाली देखाएर अन्य संस्थामा सार्न तथा जान सहज बनाइदिने प्रचलन बढ्न थालेको छ। यस्ता कामले कुनै एउटा संस्थालाई जोखिम व्यवस्थापन गर्न क्षणिक निकास त देला तर अर्को वित्तीय संस्था भने जोखिममा पर्छ। क्षणिक समयका लागि सिडी रेसियो बढाउन खराब कर्जा स्वाप गर्नु वित्तीय धर्म मानिँदैन । यस्ता कामले समग्र वित्तीय प्रणालीलाई कस्तो असर पर्छ ? सुशासनको बाटो कस्तो बन्ला ? नियामक मुकदर्शक भएर रहने कहिलेसम्म ? यस्ता गहन प्रश्नको सही जवाफ नआउँदासम्म वित्तीय प्रणली स्वस्थ बन्न सक्दैन ।

अन्त्यमा कर्जा स्वापका वैधानिक सर्तको अवलम्बनबाट मात्रै समग्र वित्तीय प्रणाली स्वस्थ बन्न सक्छ। कर्जा स्वापका नाममा लुपहोलको प्रयोग गर्दै एउटा वित्तीय संस्थाले अर्को वित्तीय संस्थालाई आफ्नो जोखिम ट्रान्सफर गर्ने, आर्थिक प्रलोभनमा लगानी बढाउने, क्षणिक समयका लागि तथ्याङ्कलाई उलट पुलट बनाउने प्रचलनको अन्त्य हुनु पर्छ । वित्तीय प्रणालिलाई स्वस्थ बनाउँदै समग्र अर्थतन्त्रमा सकारात्मक सहयोग गर्न आजका वित्तीय संस्थाको महषवपूर्ण भूमिका अपरिहार्य छ, जुन हिजो हुन सकेन । वित्तीय संस्था नाफामुखी मात्र नभएर अर्थतन्त्रको दरिलो खम्बा भएर उभिनका लागि आर्थिक उपार्जनका क्षेत्र पहिचान गरी विश्लेषण, कार्यान्वयन, अनुगमन र नियन्त्रण गर्दै अगाडि जानुपर्ने आजको आवश्यकता हो । वित्तीय संस्थाले उत्पादन, रोजगारी तथा आयआर्जनका क्षेत्रमा लगानी गरी आर्थिक वृद्धि हासिल गर्ने बाटोतर्फ आफ्ना लगानी केन्द्रित गर्न जरुरी छ। कर्जाको स्थानान्तरणले वित्तीय प्रणालीमा खासै सकारात्मक प्रभाव पारेको हुँदैन, सकारात्मक प्रभाव त थप र गुणस्तरयुक्त लगानीले पार्ने हो । तसर्थ यस किसिमको बाटोतर्फ बैङ्क तथा वित्तीय संस्था लाग्न ढिला भइसकेको छ ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## पुटिनले तेस्रो विश्वयुद्ध सुरु गरिसक्नुभयो : जेलेन्स्की

*टपाल्पा (मेक्सिको), फागुन १२ गते।*
सन् २०२६ को फिफा विश्वकपका खेल आयोजना गर्ने तयारीमा रहेको मेक्सिकोमा शक्तिशाली लागु औषध गिरोह विरुद्धको सैन्य कारबाहीपछि भड्किएको हिंसाले पर्यटन क्षेत्र चिन्तित बनेको छ।



विशेष गरी जलिस्को राज्यका सहरमा भएको गोलीबारी र विस्फोटका घटनाले स्थानीय व्यवसायी र पर्यटक दुवैमा असहजता बढाएको छ। जलिस्कोको पहाडी सहर टपाल्पामा पारिवारिक सानो पसल सञ्चालन गर्दै आएकी ५० वर्षीया मारिया डोलोरेस अगुइरेका अनुसार पछिल्लो घटनाले जीविकोपार्जनमै असर पार्ने डर बढेको छ।

मेक्सिकाली सेनाले नजिकै 'एल मेन्चो' भनेर चिनिने लागु औषध गिरोहका नेता नेमेसियो ओसेगुरा सर्भान्टेस विरुद्ध कारबाही गर्दा गोलीबारी र हेलिकप्टरको गतिविधि देखिएको थियो। अधिकारीका अनुसार उक्त अपरेसन र त्यसपछिको झडपमा ७० जनाभन्दा बढीको ज्यान गएको छ।

ओसेगुरा सर्भान्टेस जलिस्को न्यु जेनेरेसन लागु औषध गिरोहका नेता थिए, जसलाई फेन्टानिल, मेथामफेटामाइन र कोकेन तस्करीसँग जोडेर हेरिँदै आएको थियो। ह्वाइट हाउसले उक्त अपरेसनमा अमेरिकी खुफिया सहयोग रहेको पुष्टि गर्दै मेक्सिकाली सेनाको प्रशंसा गरेको छ। अमेरिकी विदेश मन्त्रालयले उनको गिरफ्तारीका लागि सूचना दिने व्यक्तिलाई एक करोड ५० लाख डलरसम्म पुरस्कार दिने घोषणा गरेको थियो।

मेक्सिको सरकारले लागु औषध गिरोह विरुद्ध कारबाही तीव्र बनाउँदै आएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आपराधिक समूह विरुद्ध कडा कदम नचाले थप शुल्क वा एकपक्षीय कारबाहीको चेतावनी दिनुभएको थियो। विश्वकै ठुलो फेन्टानिल तस्कर मानिएका नेताको मृत्युले दबाब कम हुने अपेक्षा गरिएको भए पनि सम्भावित प्रतिशोधको चिन्ता बढेको छ।

प्रशान्त तटीय पर्यटकीय सहर पोर्टो भल्लार्टामा आइतबार बिहान विस्फोट र कालो धुवाँ देखिएपछि पर्यटक त्रसित भएका थिए। ५७ वर्षीय अमेरिकी पर्यटक स्टिभ पर्किन्स र उहाँकी पत्नी गेलले आफ्नो होटलको छतमा हुँदा वरिपरि विस्फोट सुन्नुभएको थियो। सोमबार उडान रद्द भएपछि उहाँहरूको स्वदेश फिर्ता ढिलाइ भएको थियो। सन् २०१२ देखि नियमित रूपमा यहाँ भ्रमण गर्दै आएका उहाँहरूले भविष्यमा पुनः आउने विषयमा पुनर्विचार गर्नुपर्ने बताउनुभएको छ।

टपाल्पामा अगुइरेको १५ वर्षीय छोराको कक्षा हिंसाका कारण रद्द गरिएको थियो। उहाँका अनुसार अहिले क्षेत्रको नियन्त्रण सेना वा लागु औषध गिरोहमध्ये कसको हातमा छ भन्ने स्पष्ट छैन। "यदि नेताको मृत्यु भएको हो भने अब नेतृत्व र नियन्त्रणका लागि फेरि सङ्घर्ष हुन सक्छ", उहाँले चिन्ता व्यक्त गर्नुभयो।

जलिस्को राज्यले आगामी विश्वकपका खेल आयोजना गर्ने भएकाले सुरक्षा व्यवस्थाप्रति विशेष चासो बढेको छ। स्थानीय व्यवसायीका अनुसार भर्खरैका हिंसात्मक घटनाले विदेशबाट आउने पर्यटकलाई यात्रा गर्ने विषयमा फेरि सोच्न बाध्य पार्ने सम्भावना छ। त्यसैले सरकारले कडा सुरक्षा प्रबन्ध लागु गरी आगन्तुकको विश्वास फिर्ता ल्याउन आवश्यक देखिन्छ।

## टी-२० विश्वकप : वेस्ट इन्डिजले जिम्बाबेलाई सजिलै हरायो

*काठमाडौं, फागुन १२ गते।*
वेस्ट यीन्डजले आइसिसी टी-२० विश्वकपको सुपर आठमा जिम्बाबेमाथि फराकिलो जित निकालेको छ। मुम्बईस्थित वनखेडे मैदानमा सोमबार राति भएको खेलमा वेस्ट इन्डिजले जिम्बाबेलाई एक सय सात रनले हरायो। यस जितले समूहमा साविक विजेता भारतलाई गाह्रो पर्ने देखिएको छ।




यस जितसँगै दुई अङ्क बनाएको वेस्ट इन्डिज नेट रनरेटका आधारमा शीर्षस्थानमा छ। समान दुई अङ्क बनाएको दक्षिण अफ्रिका दोस्रो स्थानमा छ। दक्षिण अफ्रिकासँग पराजित भएको भारत र जिम्बाबे अङ्कबिहीन छ। अब भारतले दोस्रो खेलमा जिम्बाब्वेसँग खेल्नेछ।

जितका लागि वेस्ट इन्डिजले दिएको दुई सय ५५ रनको चुनौतीपूर्ण लक्ष्य पछ्याएको जिम्बाबे १७.४ ओभरमा सबै विकेटको क्षतिमा एक सय ४७ रनमा समेटिएको थियो। जिम्बाबेका लागि ब्राड इभान्सले सर्वाधिक ४३ रन बनाउनुभयो। यस्तै डियोन मेयर्सले २८, कप्तान सिकन्दर राजाले २७ र टोनी मुयोङ्गाले १४ रन बनाउनुभयो। बलिङमा वेस्ट इन्डिजनका गुणकेश मोतीले चार तथा म्याथ्यु फोर्डले तीन विकेट लिनुभयो। यसअघि हस हारेर पहिले ब्याटिङको निम्तो पाएको वेस्ट इन्डिजले निर्धारित २० ओभरमा ६ विकेटको क्षतिमा दुई सय ५४ रन बनाएको थियो। वेस्ट इन्डिजका लागि शिमरन हिटमायर र रोभमन पावलले अर्धशतकीय इनिङ्स खेल्नुभयो।हिटमायरले ८५ र पावलले ५९ रन बनाउनुभयो। यस्तै रोमारियो शेफर्डले २१, कप्तान साई होपले १४ र जेसन होल्डरले १३ रन बनाउनुभयो। बलिङमा जिम्बाबेका रिचार्ड नगर्भा र ब्लेसिङ मुजबानीले दुई दुई तथा ब्राड इभान्सले एक विकेट लिनुभयो।

## मोरङ-३....

डा. शर्मा भन्छन्, "मोरङ-३ का प्रत्येक मतदाता हाम्रो साझा भविष्य निर्माणका भागीदार हुन्। घरदैलो अभियानले स्थानीय आवश्यकताहरू बुझ्न र ठोस विकास योजना अघि बढाउन मद्दत गर्दछ। मेरो लक्ष्य केवल राजनीतिक जित नभई दीगो विकास र जनताको हक सुनिश्चित गर्नु हो।" उनको स्पष्ट वक्ता र समाजसेवी छवि, मतदातासँगको निकटता, स्वास्थ्य सेवा, रोजगार सिर्जना र सामाजिक योगदानले यसपटक पनि निर्वाचनमा सहज पुनरागमनको संकेत दिएको देखिन्छ।

## ऋणीलाई....

बढाउन सक्नेछन्। यस कदमले लामो समयदेखि थन्किएका कर्जा उठाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। त्यसैगरी, महेन्द्र राजमार्ग तथा मध्यपहाडी लोकमार्ग विस्तारका कारण विस्थापित भएका उद्यम तथा व्यवसायलाई समेत राहत दिने व्यवस्था गरिएको छ। ती परियोजनाबाट प्रभावित व्यवसायमा प्रवाहित कर्जालाई न्यूनतम १० प्रतिशत ब्याज असुल गर्दै २०८३ असार मसान्तसम्म पुनरसंरचना तथा पुनर्तालिकीकरण गर्न सकिने राष्ट्र बैंकले जनाएको छ। राष्ट्र बैंकका अनुसार यस निर्णयले आर्थिक गतिविधि प्रभावित भएका व्यवसायलाई पुनः सञ्चालनमा ल्याउन सहयोग गर्नुका साथै बैंकिङ क्षेत्रको खराब कर्जा व्यवस्थापनमा पनि सकारात्मक प्रभाव पार्ने विश्वास गरिएको

## पर्सामा....

अनुगमन हुनेछ। भयरहित र शान्तिपूर्ण निर्वाचन सुनिश्चित गर्न सबै निकायले समन्वय गरिरहेको छ," उनले भने।
निर्वाचन तयारीअनुसार ६२ मतदानस्थल अतिसंवेदनशील, ८५ संवेदनशील र २० कम संवेदनशील सूचीमा राखिएका छन्। पर्सामा चारवटा निर्वाचन क्षेत्र रहेका छन्। क्षेत्र-१ मा ३४, क्षेत्र-२ मा ३८, क्षेत्र-३ मा ४७ र क्षेत्र-४ मा ४८ मतदानस्थल छन्। जिल्लाभर ४४१ स्थायी र २ अस्थायी मतदान केन्द्र तोकिएका छन्। क्षेत्र-१ मा १०३, क्षेत्र-२ मा ११०, र क्षेत्र-३ तथा ४ मा समान ११४-११४ मतदान केन्द्र छन्। जिल्लामा कुल मतदाता संख्या ३,७६,५१३ रहेको छ। तीमध्ये १,६४,४२१ महिला, २,१२,०७७ पुरुष र १५ यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका मतदाता छन्। जिल्ला सुरक्षा समितिले सुरक्षित र व्यवस्थित वातावरणमा निर्वाचन सम्पन्न गर्ने तयारी अन्तिम चरणमा रहेको जनाएको छ।

## रामकिशोर....


छन्। महागढीमाई क्षेत्रमा मुख्य प्रतिस्पर्धीबीच कडा प्रतिस्पर्धा देखिए पनि जसपा नेपाल पुनरागमनतर्फ अघि बढिरहेको र उम्मेदवार रामकिशोर यादवको जित सम्भावित देखिएको राजनीतिक विश्लेषकहरूको भनाइ छ। मधेश आन्दोलनका अग्रपंक्तिका नेता तथा स्पष्ट वक्ताका रूपमा स्थापित यादव अन्य उम्मेदवारको तुलनामा बलियो प्रतिस्पर्धी रहेको उनीहरूको मूल्यांकन छ।

## रौतहट-४....

कार्यकर्ताहरूले समेत पूर्ण समर्थन जनाउँदै चुनावी अभियानलाई बलियो बनाएका छन्।
स्थानीय बासिन्दाका अनुसार दास जुझारु, संघर्षशील र निडर युवा नेताका रूपमा परिचित छन्। मधेसी जनताको मुद्दामा निरन्तर आवाज उठाउँदै आएका कारण यसपटक उनलाई जिताउने वातावरण बनेको समर्थकहरूको दाबी छ।
जसपा नेपालका नेता-कार्यकर्ताहरूका अनुसार क्षेत्रभर घर-घर पुगेर मतदान प्रचार-प्रसार अभियान जारी रहेको र मतदाताको उत्साहले चुनावी माहोल थप सक्रिय बन्दै गएको छ।

## कमजोर ....

मूल्यभन्दा कम रकमको बिल काट्ने, नक्कली बिल प्रयोग गर्ने तथा कर छली गर्ने गरेको आशंका व्यक्त गरिएको छ, जसका कारण राज्यलाई वार्षिक करोडौं रुपैयाँ राजश्व घाटा भइरहेको अनुमान गरिएको छ। वातावरण संरक्षण ऐन र औद्योगिक मापदण्डअनुसार नियमित अनुगमन अनिवार्य भए पनि सम्बन्धित निकायबीच प्रभावकारी समन्वय नहुँदा नियमविपरीत उद्योग सञ्चालन मौलाएको आरोप छ। स्थानीयवासीले जिल्ला प्रशासन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, आन्तरिक राजश्व कार्यालय तथा स्थानीय तहले संयुक्त अनुगमन गरी कानुन विपरीत सञ्चालनमा रहेका उद्योगमाथि कडा कारबाही गर्न माग गरेका छन्। यस विषयमा सम्बन्धित निकायको औपचारिक प्रतिक्रियाको लिने प्रयासमा फोन सम्पर्क हुन सकेन्।



नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
# भूमि सुधार तथा मालपोत कार्यालय
☎०५३:५५००१४

पत्र संख्या:
चलानी नं.: २५६१
प्राप्त पत्र संख्या र मिति:-

मिति: २०८२।११।११

विषय: हकदावी बारेको ३५ दिने सार्वजनिक सूचना।

श्री ..............................

भसाना जिल्ला बारा साविक गा.वि.स. पथरा वार्ड नं. ८ हाल बारागढी गा.पा. ४ नं. वडा बस्ने भैरवी हजराको [illegible] दिलु हजरा दुसाधको नाम दर्ताको तपसिलमा उल्लेखित [illegible]

तपसिल

| जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षे. | भो.ध. |
| --- | --- | --- | --- | --- | --- |
| बारा | पिप्राबसन्तपुर | ८ | ४८ | ०-०-११ | दिलु हजरा |

प्रमुख मालपोत अधिकृत
२०८२।११।११

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने।
- बाल विवाहको विरोध गर्ने।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने।
- बाल विवाहको विरोध गर्ने।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
करैयामाई गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश।

# यातायात कार्यालय हेटौंडामा घुस काण्ड : अधिकृतसहित बिचौलिया अख्तियारद्धारा रंगेहात पक्राउ

***हेटौंडा १२ फागुन,***

सवारी साधन सरुवा सहमति मिलाइदिने बहानामा सेवाग्राहीसँग घुस लिइरहेको अवस्थामा यातायात व्यवस्था कार्यालय हेटौंडाका एक अधिकृत र एक बिचौलिया अख्तियारको नियन्त्रणमा परेका छन्।




अख्तियार दुरुपयोग अनुसन्धान आयोगको हेटौंडा कार्यालयबाट खटिएको टोलीले विशेष सूचना तथा उजुरीका आधारमा सञ्चालन गरेको अपरेसनका क्रममा अधिकृत छैटौं अमृत भेटुवाल र बिचौलिया खगेन्द्र पौडेललाई पक्राउ गरेको हो। आयोगका अनुसार बिचौलिया पौडेलले सेवाग्राहीबाट ११ हजार ५ सय रुपैयाँ घुस लिइसकेको अवस्थामा उनीहरूलाई हेटौंडा उपमहानगरपालिका-११ स्थित कार्यालय परिसरबाटै नियन्त्रणमा लिइएको हो।

पक्राउका क्रममा उनीहरूबाट तीन थान मोबाइल समेत बरामद गरिएको अख्तियारले जनाएको छ। सवारी सरुवा सम्बन्धी प्रक्रिया सहज बनाइदिने भन्दै रकम मागिएको उजुरीपछि आयोगले निगरानी बढाएको थियो।

हाल दुवै व्यक्तिमाथि भ्रष्टाचारसम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको आयोगका प्रवक्ताले जानकारी दिएका छन्।

घटनापछि यातायात कार्यालयमा हुने सेवा प्रवाह र बिचौलिया सक्रियताबारे पुनः प्रश्न उठेको छ। अख्तियारले सेवाग्राहीलाई कुनै पनि सेवा लिन घुस नदिन तथा यस्ता गतिविधि देखिए तत्काल उजुरी गर्न समेत आग्रह गरेको छ।

# सर्वोच्च अदालतको आदेशपछि दुर्गा प्रसाईं रिहा

***काठमाडौं, फागुन १२ ।***

सर्वोच्च अदालतले बीएन्डसी मेडिकल कलेजका सञ्चालक तथा हिन्दु धर्म अभियन्ता दुर्गा प्रसाईंलाई रिहा गर्न आदेश दिएको छ। बन्दीप्रत्यक्षीकरण रिटमाथि मंगलबार भएको सुनुवाइपछि अदालतले उनलाई तत्काल रिहा गर्न निर्देशन दिएको हो।



न्यायाधीशद्वय मनोजकुमार शर्मा र मेघराज पोखरेलको संयुक्त इजलासले प्रसाईंको पक्राउ कानुनी आधारमा पुनरावलोकन गर्दै रिहा गर्ने आदेश जारी गरेको जनाएको छ। सरकारको आग्रहमा निर्वाचन बिथोल्न सक्ने आशंका व्यक्त गर्दै प्रहरीले फागुन ४ गते मध्यराति भक्तपुरको थिमीस्थित निवासबाट प्रसाईंलाई पक्राउ गरेको थियो।

पक्राउपछि उनी जिल्ला प्रहरी परिसर काठमाडौंको हिरासतमा राखिएका थिए। पछिल्लो एक महिनायता प्रसाईंलाई विभिन्न आरोपमा पटक-पटक पक्राउ गरिएको थियो। यसअघि माघ २३ गते पनि उनलाई नियन्त्रणमा लिइएपछि सरकारी वकिलको कार्यालयबाट हाजिर जमानीमा रिहा गरिएको थियो।

सरकारले निर्वाचनसम्बन्धी अभिव्यक्ति र राजनीतिक गतिविधिलाई आधार बनाएर निगरानी बढाएको थियो। एमाले अध्यक्ष केपी शर्मा ओलीसँग भएको संवादपछि निर्वाचन प्रभावित हुन सक्ने आशंकामा पर्सा जाने क्रममा बल्खु क्षेत्रबाट समेत उनलाई प्रहरीले नियन्त्रणमा लिएको थियो।

निर्वाचनसम्बन्धी विवादास्पद अभिव्यक्तिका कारण निर्वाचन आयोगको पत्रका आधारमा साइबर ब्यूरोमार्फत उनीमाथि कारबाही प्रक्रिया अघि बढाइएको बताइएको छ। सर्वोच्चको पछिल्लो आदेशसँगै प्रसाईं रिहा भएका छन् भने घटनाले राजनीतिक तथा कानुनी वृत्तमा नयाँ बहस सुरु भएको छ।

# मोरङ-३: डा. सुनील शर्माको समाजसेवी छविले बढाएको लोकप्रियता, उत्साहित मतदाताको विश्वास पुनरागमनतर्फ

***मोरङ, फाल्गुन १२, ।***

मोरङ-३ क्षेत्रका उम्मेदवार डा. सुनील शर्मा आफ्नो घरदैलो अभियानमार्फत मतदातासँग प्रत्यक्ष संवाद गर्दै विश्वास र समर्थन बढाइरहेका छन्। बेलबारी नगरपालिका र पथरी शनिश्चरे नगरपालिकामा सञ्चालन गरिएको अभियानमा स्थानीय बासिन्दाले उनलाई आशीर्वाद, माया र हौसला दिएका छन्।



डा. शर्मा पेशाले चिकित्सक हुन्। उनले नोवेल हस्पिटल खोलेर गरीब, विपन्न र जटिल रोगीहरूको उपचार निःशुल्क गर्दै आएका छन्। यसले उनी स्वास्थ्य क्षेत्रमा मात्र नभई सामाजिक सेवामा पनि एक विश्वासिलो नेता बनेको देखाउँछ। उनी विगतमा समाजवादको आधारमा विभिन्न क्षेत्रमा हजारौं जनालाई रोजगारी उपलब्ध गराइसकेका छन्। यसले स्थानीय जीवनस्तर सुधार्न र आर्थिक अवस्था उकास्न ठूलो योगदान पुऱ्याएको स्थानीयहरूले बताएका छन्।

घरदैलो अभियानका क्रममा उनी मतदातासँग स्वास्थ्य, शिक्षा, पूर्वाधार र वातावरण संरक्षणसम्बन्धी योजना साझा गर्दै आएका छन्। आफ्नो निर्वाचन अभियानमा डा. शर्माले "ख्यतभ ायच त्चभभ" अभियानलाई प्राथमिकता दिएका छन्, जसअन्तर्गत प्राकृतिक संरक्षण र दीगो विकासलाई विशेष महत्व दिइनेछ।

डा. शर्माका समर्थकहरूले सामाजिक सञ्जालमा पनि अभियानको प्रचार गरिरहेका छन्।

बाँकी तेस्रो पृष्ठमा




# सुशासन र भ्रष्टाचारविरुद्ध कडा कदमको घोषणा, ४६ सालपछि भएका सबै प्रकरण छानबिन हुने : रवि लामिछाने

***इटहरी, फागुन १२ ।***

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने ले २०४६ सालपछि भएका सबै विवादित तथा भ्रष्टाचारसम्बन्धी प्रकरणको निष्पक्ष छानबिन गरिने घोषणा गरेका छन्। मंगलबार इटहरीमा आयोजित 'चुनावी परिवर्तन उद्घोष सभा'लाई सम्बोधन गर्दै उनले प्रतिशोधको राजनीति नगरी कानुनी प्रक्रियाअनुसार अनुसन्धान अघि बढाइने बताएका हुन्।



लामिछानेले मुलुकमा विधिको शासन स्थापना गर्दै सुशासन कायम गर्नु रास्वपाको प्रमुख लक्ष्य रहेको उल्लेख गरे। भ्रष्टाचारप्रति पार्टी शून्य सहनशीलताका साथ अघि बढ्ने भन्दै उनले राज्य संयन्त्रलाई पारदर्शी र जवाफदेही बनाउने प्रतिबद्धता व्यक्त गरे। निर्माण व्यवसायीलाई अनावश्यक दबाब होइन, स्पष्ट नीति र कानुनी व्यवस्थामार्फत काम गर्न प्रेरित गरिने उनको भनाइ थियो।

सहकारी क्षेत्रमा उठेका विवादबारे बोल्दै उनले आफूमाथि विभिन्न आरोप लगाइए पनि रास्वपा नेतृत्वको सरकार बनेको खण्डमा सय दिनभित्र बचतकर्ताको रकम फिर्ता प्रक्रिया सुरु गर्ने दाबी गरे। उनले देश परिवर्तनका लागि नागरिकलाई सक्रिय भूमिका निर्वाह गर्न समेत आह्वान गरे।

कार्यक्रममा रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह ले उद्योग स्थापना गर्न राजनीतिक पहुँच र चन्दा संस्कृतिको अन्त्य गरिने बताए। कोशी प्रदेशमा औद्योगिक सम्भावना हुँदाहुँदै पनि नीतिगत अवरोधका कारण विकास हुन नसकेको उल्लेख गर्दै उनले पूर्वी क्षेत्रको समग्र आर्थिक विकासमा रास्वपा केन्द्रित रहने धारणा राखे। नेताहरूले रास्वपा देश बचाउने वैकल्पिक शक्ति बन्ने दाबी गर्दै आगामी निर्वाचनमा जनमत आफ्नो पक्षमा आउने विश्वास व्यक्त गरेका छन्।

# ऋणीलाई ६ महिनासम्म कालोसूचीबाट हटाउन सकिने, बक्यौता असुली सहज बनाउन राष्ट्र बैंकको नयाँ व्यवस्था

***काठमाडौं । १२ फागुन,***

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई कालोसूचीमा रहेका ऋणीसँग बक्यौता असुली सहज बनाउन नयाँ व्यवस्था लागू गर्ने भएको छ। मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा सार्वजनिक गर्दै राष्ट्र बैंकले उचित कारण प्रस्तुत गर्ने ऋणीलाई अधिकतम ६ महिनासम्म कालोसूचीबाट हटाएर कर्जा चुक्ता गर्ने अवसर दिन सकिने व्यवस्था गरेको जनाएको हो।



नयाँ व्यवस्थाअनुसार कालोसूचीमा परेका ऋणीले कर्जा तिर्ने स्पष्ट योजना तथा विश्वसनीय आधार पेश गरेमा बैंक तथा वित्तीय संस्थाले अस्थायी रूपमा कालोसूचीबाट हटाई बक्यौता असुली प्रक्रिया अघि

बाँकी तेस्रो पृष्ठमा

जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"

विश्रामपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"

परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"

जीतपुरसिमरा उपहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।